२०७७।७।२८

स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL

**President**
Mr. Krishna P. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**General Secretary**
Mr. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

श्री ऊर्जा सम्बन्धी समाचार संप्रेषण गरिरहनुभएका पत्रकार मित्रहरुलाई तिहार, छठ लगायत २०७७ सालका अगामी पर्वहरुको हार्दिक शुभकामनासहित नमस्कार ।

**बिषय : समाचार संप्रेषण गरि सहयोग गरिदिने बारे ।**

उपरोक्त सम्बन्धमा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालको मिति २०७७/०१/१६ गतेको निवेदनका आधारमा विद्युत उत्पादन, प्रसारण र वितरणको क्षेत्रमा कोभिड-१९ को कारणले पारेको प्रभावहरु अध्ययन गरी निराकरणका लागि संभावित उपायहरुसहितको प्रतिवेदन पेश गर्न विकास सहायता तथा प्रादेशिक महाशाखा प्रमुख श्री मधु प्रसाद भेटुवालको संयोजकत्वमा उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको मिति २०७७/०५/२२ गतेको माननीय मन्त्रिस्तरीय निर्णय अनुसार देहाय अनुसार समिति गठन गरिएको थियो ।

१. श्री मधु प्रसाद भेटुवाल, संयोजक तथा सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।

२. श्री सन्दीप कुमार देव, सहसचिव, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।

३. श्री नारायण खतिवडा, कार्यक्रम निर्देशक, राष्ट्रिय योजना आयोग ।

४. श्री प्रर्दशनी कुमारी, उपसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

५. श्री हरराज न्यौपाने, उप-कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण ।

६. श्री मोहन कुमार डाँगी, उपाध्यक्ष, स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल ।

७. श्री गोकर्ण राज पन्त, सि.डि.ई., उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय ।

गठित समितिको विभिन्न मितिमा लगातार बैठकहरु बसी समितिको कार्यक्षेत्र र अध्ययन विधी अनुसार विद्युत विकासको समग्र क्षेत्रमा कोभिड-१९ ले पारेका समस्याहरुको सुक्ष्म अध्ययन गरि गठित समितिका संयोजक श्री मधु प्रसाद भेटुवालले मिति २०७७/०७/२७ गते श्रीमान सचिव श्री दिनेशकुमार घिमिरेज्यूसमेतको उपस्थितिमा माननीय मन्त्री श्री बर्षमान पुन "अनन्त"ज्यूलाई सिफारिससहितको अध्ययन प्रतिवेदन हस्तान्तण गर्नुभयो ।

**<u>अध्ययन प्रतिवेदनमा सिफारिस भएका कोभिड-१९ को असर न्यूनीकरण र पुनरुत्थानका लागि चाल्नुपर्ने कदमहरु:</u>**

१. नेपाल सरकारसँग आयोजना विकास सम्झौता भएका केहि विद्युत आयोजनाहरुमा कोभिड-१९ जस्ता महामारीलाई सम्बोधन गर्न मिल्ने व्यवस्था राखिएको छ । विद्यमान कानून, नियम एवंम नीति/निर्देशिका मार्फत कार्य बढिरहेका बहुसंख्यक

**President**
Mr. Krishna P. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**General Secretary**
Mr. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

विद्युत आयोजनाहरुमा कोभिड-१९ जस्तो महामारीको कारण यसरी अनिश्चित समयसम्म असर पर्नसक्छ भन्ने अनुमान पहिले कहिल्यै गर्न सकिएको थिएन । अतः कोभिड-१९ महामारीले समग्र उर्जा क्षेत्रमा पारेको प्रभाव न्यूनीकरण एवंम समस्याहरुको समाधान गर्न विद्यमान कानूनी, नीतिगत, प्रक्रियागत र प्रसाशनिक सुधारका क्षेत्रमा देहायका कदमहरु चाल्नु उपयुक्त हुने देखिन्छ ।

**क. कानूनी सुधारः**

१. पूर्वाधार विकासको क्षेत्रमा कोभिड-१९ को असर न्यूनीकरण तथा पुनरुत्थानका लागि छाता ऐन निर्माण गर्न उपयुक्त हुने ।

२. लकडाउनको अवधिभित्र सर्वेक्षण अनुमतिपत्र नविकरण, उत्पादन तथा प्रसारणको अनुमतिपत्र दरखास्त, वित्तीय व्यवस्थापन एवं विद्युत खरिद-बिक्री सम्झौताको म्याद थपको दरखास्त तथा अन्य विवरणहरु कोभिड-१९ को कारणले पेश गर्न असमर्थ प्रर्वधकहरुलाई सो समय पश्चात पनि दरखास्त दिएमा कार्यवाही अगाडि बढाउन कानूनी व्यवस्था गर्ने । यसको लागि सर्भेक्षण अनुमतिपत्रको अवधि विद्युत ऐन, २०४९ को दफा ५ को उपदफा १ मा सर्भेक्षण अनुमतिपत्रको अवधि बढिमा ५ बर्ष रहने भन्ने व्यवस्थालाई संशोधन गरी कोभिड-१९ को प्रभावका कारण ५ बर्षको अवधिले नपुग्ने देखिएमा हाललाई १ बर्षसम्म थप गर्न मिल्ने गरि संशोधन गर्ने ।

**ख. नीतिगत सुधार तर्फः**

१. विद्युत ऐन २०४९ को दफा ५ को उपदफा २ मा विद्युत उत्पादन/प्रसारण अनुमतिपत्रको अवधि बढिमा ५० वर्षसम्म रहने व्यवस्था रहेकोले विद्युत उत्पादन/प्रसारणको अनुमतिपत्र लिई विद्युत खरिद बिक्री सम्झौता गरिसकेका र आवश्यक पूर्वाधारको तयारी गरिरहेका एवं निर्माणधिन आयोजनाहरुलाई कोभिड-१९ को प्रभाव परेको कारण अनुमतिपत्रको अवधि जारी भईसकेको अनुमतिपत्रको तोकिएको अवधिमा हाललाई १ बर्ष थप गर्ने एवं नेपाल सरकारसँग आयोजना सम्झौता भईसकेका आयोजनाहरुको हकमा सो सुविधा दाहोरो नपर्ने गरी गर्ने । यसको लागि विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ आवश्यक संशोधन गर्ने ।

२. सर्वेक्षण अनुमतिपत्र प्राप्त गरिसकेका तर लकडाउन तथा कोभिड-१९ को कारणले स्थानीयस्तरमा आयोजनाको स्थलगत अध्ययन गर्नमा अवरोध भएकाले अध्ययन कार्यमा प्रभाव परेका आयोजनाहरुका प्रवर्धकहरुलाई सो समयको वार्षिक अनुमतिपत्र दस्तुरमा ७५% छुट दिने व्यवस्थाको लागि अर्थ मन्त्रालयको स्वीकृति

**President**
Mr. Krishna P. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**General Secretary**
Mr. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

लिई नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने । यस अवधिमा सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएका वा सर्भेक्षण अनुमतिपत्र नविकरण भईसकेका आयोजनाका प्रवर्धकहरुलाई प्रस्तावित ७५% छुट दस्तुर सर्वेक्षण अनुमतिपत्र नवीकरण दस्तुरमा मिलान गर्ने तथा सो अवधिमा नविकरण भईसकेका आयोजनाहरुको हकमा १ वर्षको ७५% समयावधि मिलान गर्ने ।

३. लकडाउनको अवधिभित्र विद्युत खरिद बिक्री सम्झौता र वित्तीय व्यवस्थापन गर्नुपर्ने अनुमतिपत्रको शर्तमा उक्त विवरणहरु र दरखास्त पेश गर्ने अवधि १ बर्ष थप गर्ने । उक्त समयावधि थपको लागि कोभिड-१९ को प्रभावको कारण तोकिएको समयभित्र म्याद थपको लागि दरखास्त दिन सक्ने व्यवस्था मिलाउन आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ मा आवश्यक संशोधन गर्ने ।

४. वातावरण संरक्षण नियमावली, २०७७ को नियम ८ मा वातावरणीय अध्ययनको लागि कार्यसूची तथा क्षेत्र निर्धारण स्वीकृत भएको मितिले २ बर्षभित्र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्नुपर्ने व्यवस्था भएकोले कोभिड-१९ को कारण १ बर्ष समयावधि थप गर्ने व्यवस्थाका लागि वन तथा वातावरण मन्त्रालयमा अनुरोध गर्ने । त्यसैगरि वातावरण संरक्षण नियमावली, २०७७ को नियम १३ अनुसार वातावरण अध्ययन प्रतिवेदन स्वीकृत भएको ३ वर्षभित्र प्रस्ताव कार्यान्वयनको प्रारम्भ भैसकेको हुनुपर्ने व्यवस्था रहेको र उक्त समयमा कार्यान्वयन हुन नसकेको बिशेष परिस्थितिमा बढीमा २ बर्ष अवधिको म्याद थप गर्ने प्रावधान रहेकोले कोभिड-१९ को महामारीलाई पनि बिशेष परिस्थिति सिर्जना भएको मानी म्याद थपको लागि निकास दिने व्यवस्था मिलाउनु पर्ने ।

५. विद्युत आयोजनाहरु संचालन गर्नको लागि आवश्यक पर्ने उद्योग दर्ता सम्बन्धी विवरणहरु कोभिड-१९ को प्रभावका कारण तोकिएको समयमा पेश गर्न नसकेका प्रवर्धकहरुको हकमा थप १ बर्षको समय उपलब्ध गराउने गरी आयोजनाको सम्बन्धी निर्देशिका, २०७५ मा आवश्यक संशोधन गर्ने ।

**ग. प्रक्रियागत र प्रसाशनिक सुधार तर्फः**

१. कोभिड-१९ बाट प्रभावित निर्माणधिन आयोजनाहरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन आवश्यक वित्तीय व्यवस्थापनको लागि अर्थ मन्त्रालयलाई अनुरोध गर्ने ।

२. विद्युत खरिद बिक्री सम्झौतामा विद्युत उत्पादन गर्न तोकिएको मिति (RCoD) लकडाउनको अवधिभित्र परेको वा कोभिड-१९ को प्रभावका कारण तोकिएको मितिमा विद्युत उत्पादन हुन नसक्ने अवस्थालाई मूल्याङ्कन गरी RCoD को अवधि हाललाई १ बर्षसम्म गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिने ।

**President**
Mr. Krishna P. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**General Secretary**
Mr. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kr. Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokhrel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ ले निजी जलविद्युतको क्षेत्रमा पारेको असरलाई आत्मासाथ गरी नेपाली निजी लगानीकर्ताहरुको मनोबल उच्च पार्न सहयोग पुग्ने गरी प्रतिवेदनसहित सिफारिस गर्नुभएकोमा संयोजक श्री मधुप्रसाद भेटुवाल, सदस्य श्री सन्दीप कुमार देव, सदस्य श्री नारायण खतिवडा, सदस्य श्री प्रर्दशनी कुमारी, सदस्य श्री हरराज न्यौपाने, सदस्य श्री गोकर्ण राज पन्तलगायत सम्बद्ध सबैलाई स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालको तर्फबाट हार्दिक धन्यवादसहित संस्थाका प्रतिनिधी सदस्य श्री मोहन कुमार डाँगीले निजी क्षेत्रलाई परेका समस्याहरु प्रष्ट रुपमा प्रस्तुत गर्न सफल हुनु भएकोमा विशेष धन्यवाद व्यक्त गर्दछु ।

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल २०५७ IPPAN 2001

कृष्णप्रसाद आचार्य

अध्यक्ष

मिति : २०७७/०७/२७